प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवा र स्थानीय सेवाको प्रशासन सेवा, सामान्य प्रशासन र लेखा समूह, सहायकस्तर पाँचौ तह, सहायक/लेखा सहायक/लेखापाल/आन्तरिक लेखापरीक्षक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम र परीक्षा योजना

पाठ्यक्रमको रूपरेखाः संयुक्त र एकीकृत परीक्षा प्रणाली (Unified and Integrated Examination System) को आधारमा सञ्चालन हुने यस पाठ्यक्रम योजनालाई तीन चरणमा विभाजन गरिएको छ।

| परीक्षाको चरण | परीक्षाको किसिम | परीक्षा प्रणाली | पूर्णाङ्क |
|---|---|---|---|
| प्रथम चरण | प्रारम्भिक परीक्षा (Preliminary Examination) | बस्तुगत बहुवैकल्पिक प्रश्न | १०० |
| द्वितीय चरण | लिखित परीक्षा (Written Examination) | विषयगत प्रश्नहरु | २०० |
| अन्तिम चरण | कम्प्युटर सीप परीक्षण (Computer Skill Test) | प्रयोगात्मक | १० |
| | अन्तरवार्ता (Interview) | वोर्ड अन्तर्वार्ता | ३० |

## परीक्षा योजना (Examination Schedule)

१. प्रथम चरणः प्रारम्भिक परीक्षा (Preliminary Examination) पूर्णाङ्कः १००

| पत्र | विषय | प्रश्नसंख्या X अङ्क | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान (General Knowledge) | ३०X२ = ६० | १०० | ४५ | बस्तुगत बहुबैकल्पिक प्रश्न (Multiple Choice Questions) | ४५ मिनेट |
| | सामान्य बौद्धिक परीक्षण (General Mental Ability Test) | २०X२= ४० | | | | |

२. द्वितीय चरणः लिखित परीक्षा (Written Examination) पूर्णाङ्कः २००

| पत्र | विषय | प्रश्नसंख्या X अङ्क | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| द्वितीय | समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन (Contemporary Studies and Public Service Management) | १४X५ = ७०<br>३X१० = ३० | १०० | ४० | विषयगत (Subjective): छोटो र लामो उत्तर (Short and Long Answers) | २ घण्टा ३० मिनेट |
| तृतीय | सेवा समूह सम्बन्धी (Service Group related subject) | १४X५ = ७०<br>३X१० = ३० | १०० | ४० | विषयगत (Subjective): छोटो र लामो उत्तर (Short and Long Answers) | २ घण्टा ३० मिनेट |

३. अन्तिम चरणः- कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता (Computer Skill Test and Interview) पूर्णाङ्कः ४०

| | | | |
|---|---|---|---|
| अन्तिम चरण | कम्प्युटर सीप परीक्षण (Computer Skill Test) | प्रयोगात्मक | १० |
| | अन्तर्वार्ता (Interview) | वोर्ड अन्तर्वार्ता | ३० |

द्रष्टव्यः

१. यस पाठ्यक्रम योजनालाई संयुक्त र एकीकृत परीक्षा प्रणालीको आधारमा माथि उल्लिखित सबै समूहको लागि प्रथम चरण, द्वितीय चरण र अन्तिम चरण (कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता) मा विभाजन गरिएको छ।

२. खुला र समावेशी समूहको एउटै प्रश्नपत्रको माध्यमबाट परीक्षा सञ्चालन हुनेछ।

३. माथि उल्लेखित सबै समूहको लागि प्रथम र द्वितीय पत्र/विषयको विषयबस्तु एउटै र अनिवार्य हुनेछ। तर तृतीय पत्र समूह सम्बन्धी विषय समूह अनुसार फरक फरक हुनेछ।

४. परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी वा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ।

५. वस्तुगत बहुवैकल्पिक प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ। तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।

६. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन।

७. विषयगत प्रश्नहरुको हकमा तोकिएको अङ्कमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु (Short notes) सोध्न सकिनेछ।

८. लिखित परीक्षाको प्रथम चरणमा प्रारम्भिक परीक्षा हुनेछ। यस प्रारम्भिक परीक्षालाई छनोट परीक्षाको रुपमा मात्र लिई यस परीक्षाको प्राप्ताङ्कलाई अन्तिम नतिजाको अङ्कमा समावेश गरिने छैन।

९. परीक्षा हलमा मोवाइल वा यस्तै प्रकारका विद्युतीय उपकरण, पुस्तक, नोटबुक, झोला लगायतका बस्तुहरु लैजान पाइने छैन।

१०.परीक्षामा सोधिने प्रश्नसंख्या, अङ्क र अङ्कभार यथासम्भव सम्बन्धित पत्र/विषयमा दिईए अनुसार हुनेछ।

११. विषयगत प्रश्न हुने पत्र/विषयका प्रत्येक भाग/खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन्। परीक्षार्थीले प्रत्येक भाग/खण्डका प्रश्नहरुको उत्तर सोही भाग/खण्डको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

१२. यस पाठ्यक्रम अनुसारका पत्र/विषयका विषयवस्तुमा जुनसुकै कुरा लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगावै संशोधन भई कायम रहेका विषयवस्तुलाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

१३. प्रथम चरण (First Phase) को प्रारम्भिक परीक्षाबाट छनौट भएका उम्मेदवारहरूलाई मात्र द्वितीय चरण (Second Phase) को लिखित परीक्षामा सम्मिलित गराइनेछ।

१४. द्वितीय चरण (Second Phase) मा छनोट भएका उम्मेदवारलाई मात्र अन्तिम चरणको कम्प्युटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित गराइनेछ।

१५.द्वितीय चरण र अन्तिम चरण (कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता) को कुल अङ्क योगका आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ ।

१६.यो पाठ्यक्रम र परीक्षा योजना लागू भएपछि यो भन्दा अगाडिको पाठ्यक्रम र परीक्षा योजना खारेज हुनेछ।

१७.पाठ्यक्रम लागु हुने मितिः २०८१।०९।२२

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवा र स्थानीय सेवाको प्रशासन सेवा, सामान्य प्रशासन र लेखा समूह, सहायकस्तर पाँचौ तह, सहायक/लेखा सहायक/लेखापाल/आन्तरिक लेखापरीक्षक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

## प्रथमपत्रः- सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण

## (General Knowledge and General Mental Ability Test)

## सामान्य ज्ञान (General Knowledge)

१. सामान्य ज्ञान

- १.१ ब्रह्माण्डसम्बन्धी जानकारी
  - १.१.१ सौर्यमण्डलः सूर्य, ग्रह, उपग्रहरु, शिशुग्रह, उल्का, धूमकेतु/पुच्छ्रेताराहरु, चन्द्र ग्रहण, सूर्य ग्रहण
  - १.१.२ पृथ्वीः परिचय, उत्पत्ति, गति र ऋतु परिवर्तन
- १.२ विश्वको भूगोलः महादेशहरू, महासागरहरू, अक्षांस र देशान्तर, पर्वत श्रृङ्खला, हिमाल, मरुभूमि, भूकम्प, ज्वालामुखी, नदी, हिमनदी, ताल, हिमताल, जलवायु
- १.३ नेपालको भूगोलः नेपालको भौगोलिक अवस्था, धरातलीय स्वरूप र प्राकृतिक सम्पदा (जलस्रोत, जीवजन्तु, वनस्पति, माटो, खनिज पदार्थ), भौगोलिक विविधता र जनजीवन, नेपालमा पाइने हावापानीको किसिम र विशेषताहरू, हावापानीको विविधताबाट उत्पन्न भएका आर्थिक तथा सामाजिक क्रियाकलाप
- १.४ विश्वको इतिहासः म्याग्नाकार्टा, औद्योगिक क्रान्ति, पहिलो र दोस्रो विश्वयुद्धसम्बन्धी सामान्य जानकारी
- १.५ नेपालको इतिहास
  - १.५.१ किराँतकाल, लिच्छवीकाल र मध्यकालीनः सामाजिक, आर्थिक एवं राजनीतिक अवस्था
  - १.५.२ मध्यकालीन खस राज्य र यसको मध्यकालीन नेपालका अन्य राज्यहरूसँगको सम्बन्ध र सिँजा सभ्यता
  - १.५.३ आधुनिक इतिहास
    - १.५.३.१ शाहवंशीय इतिहास
    - १.५.३.२ नेपालका २००७ देखि हालसम्म भएका महत्त्वपूर्ण राजनीतिक घटनाक्रम
- १.६ नेपालको आर्थिक अवस्थाः
  - १.६.१ विकासका पूर्वाधारहरू (कृषि, उद्योग, व्यापार, पर्यटन, यातायात, संचार, शिक्षा, स्वास्थ्य, विद्युत)
  - १.६.२ आवधिक योजना र बजेटः अवधारणा, उद्देश्य, प्रकार, आवश्यकता, संघ, प्रदेश र स्थानीय तहको आवधिक योजना र बजेट बीचको अन्तरसम्बन्ध
  - १.६.३ राजस्वः अवधारणा, प्रकार, आधार, सिद्धान्त र संघ, प्रदेश र स्थानीय तहको राजस्वको क्षेत्राधिकार
  - १.६.४ कर्णाली प्रदेशमा पाइने खाद्यान्न बाली, जडिबुटी, खानी र प्राकृतिक सम्पदा
- १.७ विज्ञान, सूचना तथा संचार प्रविधि र स्वास्थ्य
  - १.७.१ दैनिक जीवनमा उपयोगी र हानीकारक रसायनहरू
  - १.७.२ सूचना तथा संचार प्रविधिः सूचना प्रविधिको विकास, विद्युतीय माध्यमबाट सार्वजनिक सेवा प्रवाह, साइबर सुरक्षा, साइबर अपराध
  - १.७.३ विद्युतीय शासनः अवधारणा र नेपालको वर्तमान अवस्था
  - १.७.४ जिवाणु, विषाणु, रोग र खोप
  - १.७.५ स्वास्थ्य, खाद्य, पोषण र सरसफाई
- १.८ पारिस्थितिक पद्धति र वातावरण
  - १.८.१ पारिस्थितिक पद्धतिको परिचय र प्रकार तथा जीव भू-रसायनिक चक्र

१.८.२ दिगो विकास, दिगो विकासका लक्ष्यहरु, जैविक विविधता, दुर्लभ पशुपन्छी र वनस्पतिहरू, विश्वव्यापी उष्णता, जलवायु परिवर्तन, कार्वन व्यापार, हरितगृह प्रभाव, ओजोन तह, वातावरण प्रदुषण, जनसंख्या, बसाइँसराइ, शहरीकरण, बसोवास।

१.९ अन्तर्राष्ट्रिय सम्बन्ध तथा संघ/संस्था

१.९.१ भारत, चीन, बेलायत, अमेरिका र जापानसँगको सम्बन्ध

१.९.२ संयुक्त राष्ट्र संघः अवधारणा, उद्देश्य, सिद्धान्त, प्रमुख अङ्ग, विशिष्टीकृत संस्था

१.९.३ क्षेत्रीय संगठनः सार्क र बिमस्टेक (उद्देश्य, सिद्धान्त, सदस्य राष्ट्रहरु)

१.१० राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वका राजनीतिक, सामाजिक, आर्थिक, वैज्ञानिक, सांस्कृतिक, खेलकुद, पुस्तक, पुरस्कार, कला, साहित्य, संगीत लगायत समसामयिक घटना र महत्त्वपूर्ण व्यक्तित्व तथा विचारकहरू सम्बन्धी जानकारी

## सामान्य बौद्धिक परीक्षण (General Mental Ability Test)

२. सामान्य बौद्धिक परीक्षणः

२.१ शाब्दिक तार्किक परीक्षणः बोध क्षमता (Comprehensive ability), अनक्रम (Sequence), श्रेणीक्रम (Series), समरूपता (Analogy), वर्गीकरण (Classification), कोडिङ-डिकोडिङ (Coding-Decoding), छोडिएका अक्षर मिलाउने (Inserting The Missing Character), दिशा र दुरी (Direction and Distance), तार्किक विश्लेषण (Logical Reasoning), आगमन (Induction), निगमन (Deduction)

२.२ मात्रात्मक तार्किक परीक्षणः अङ्कगणितीय कार्य (Mathematical Work), प्रतिशत (Percentage), दशमलव (Decimal), अनुपात (Ratio), औसत (Average), समय र काम (Time and Work)

२.३ अशाब्दिक तार्किक परीक्षणः अनुक्रम (Sequence), समरुपता (Analogy), वर्गीकरण (Classification), तार्किक चित्रात्मक विश्लेषण (Diagrammatic Logical Reasoning), भेन चित्र (Venn Diagram), मेट्रिक्स चित्र (Matrix), त्रिभुज र वर्गहरूको गणना (Count Triangle and Square), चित्र वा आकृति विश्लेषण (Image Analysis), पानीमा देखिने आकृति (Water Image), ऐनामा देखिने आकृति (Mirror Image)

प्रथम पत्रको सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण विषयको पाठ्यक्रमका एकाइहरूबाट सोधिने वस्तुगत प्रश्नहरूको संख्या यथासम्भव निम्नानुसार हुनेछन्।

| खण्ड | सामान्यज्ञान | | | | | | | | | | सामान्य बौद्धिक परीक्षण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अङ्कभार | ६० | | | | | | | | | | ४० | | |
| एकाइ | १.१ | १.२ | १.३ | १.४ | १.५ | १.६ | १.७ | १.८ | १.९ | १.१० | २.१ | २.२ | २.३ |
| प्रश्न संख्या | १ | २ | ३ | १ | ३ | ४ | ५ | ४ | ३ | ४ | ६ | ८ | ६ |
| जम्मा प्रश्न | ३० | | | | | | | | | | २० | | |

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवा र स्थानीय सेवाको प्रशासन सेवा, सामान्य प्रशासन र लेखा समूह, सहायकस्तर पाँचौ तह, सहायक/लेखा सहायक/लेखापाल/आन्तरिक लेखापरीक्षक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

## द्वितीयपत्रः- समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन

(खण्ड-क) ३५ अङ्क

१. नेपालको भौगोलिक, सामाजिक र आर्थिक अवस्था

१.१. नेपालको भूगोल

१.२. हावापानी र जलसम्पदाः स्थिति र महत्त्व

१.३. वनसम्पदाः अवस्था र महत्त्व तथा वन विनासका कारण, संरक्षणका उपायहरु

१.४. नेपालका प्रमुख धर्म, जातजाति, भाषाभाषी र संस्कृति

१.५. कर्णाली प्रदेशका धर्म, जातजाति, भाषाभाषी र संस्कृति

१.६. आर्थिक विकासका पक्षहरुः कृषि, उद्योग, व्यापार, पर्यटन, रोजगार र पूर्वाधार तथा कर्णाली प्रदेशको अवस्था

१.७. कर्णाली प्रदेशको विकास पूर्वाधारको रणनीतिक महत्त्व र सम्भावनाहरुः कर्णाली राजमार्ग, भेरि करिडोर र बहुउद्देश्यीय जलविद्युत आयोजनाहरु

१.८. आर्थिक विकासका सम्वाहकहरुः सार्वजनिक क्षेत्र, निजी क्षेत्र र सहकारी क्षेत्र

१.९. संघ र कर्णाली प्रदेशको चालु आवधिक योजना (सोँच, उद्देश्य, रणनीति र परिमाणात्मक लक्ष्य) को जानकारी

१.१०. जनसङ्ख्या व्यवस्थापन, शहरीकरण र बसाईसराई

१.११. वातावरण व्यवस्थापन, जैविक विविधता, वातावरण प्रदुषण, जलवायु परिवर्तन र दिगो विकास

१.१२. ज्वलन्त विषयहरुः गरीबी, बेरोजगारी, जनस्वास्थ्य, खाद्य सुरक्षा, सामाजिक सुरक्षा, उर्जा संकट र सूचना प्रविधि र सामाजिक संजाल

१.१३. राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वका समसामयिक गतिविधिहरु

(खण्ड-ख) ३५ अङ्क

२. संवैधानिक व्यवस्था र सरकार

२.१. नेपालको संविधानः

२.१.१. नेपालको संविधानका मुलभूत विशेषताहरु

२.१.२. मौलिक हक र कर्तव्य, राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्त्व

२.१.३. राज्यको संरचना र राज्य शक्तिको बाँडफाँड

२.१.४. कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका

२.२. नेपालमा संघीयता, केन्द्रीय, प्रादेशिक र स्थानीय सरकार

२.३. नागरिकहरुको दायित्त्व र कर्तव्य, नागरिक समाज र नागरिक शिक्षा

२.४. कानूनको अर्थ र नेपालमा कानून निर्माण प्रक्रिया

२.५. कानूनका स्रोतहरु

२.६. कानूनी राज्यको अवधारणा र महत्त्व

२.७. समावेशीकरण र समानुपातिक प्रतिनिधित्व

२.८. लोकतन्त्र र मानव अधिकार

२.९. सूचनाको हक र पारदर्शिता

२.१०. विद्युतीय शासनः अवधारणा र नेपालको वर्तमान अवस्था

२.११. सुशासन, सदाचार प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण र भ्रष्टाचार निवारण सम्बन्धी कानूनी व्यवस्था

## (खण्ड-ग) ३० अङ्क

३. सार्वजनिक सेवा सञ्चालन एवं व्यवस्थापन

३.१. कार्यालय सञ्चालन

३.१.१. कार्यालय र कार्यालय व्यवस्थापनको अवधारणा र महत्त्व

३.१.२. अभिलेख व्यवस्थापनको परिचय, उद्देश्य, आवश्यकता र महत्त्व

३.१.३. कार्यालयमा संचारको महत्त्व, प्रकार र माध्यम

३.१.४. कार्यालयमा व्यवस्थापन सूचना प्रणालीको आवश्यकता र महत्त्व

३.२. लेखा प्रणाली र राजस्व प्रशासन

३.२.१. सरकारी लेखा प्रणाली र लेखापरीक्षण सम्बन्धी जानकारी

३.२.२. सरकारको आर्थिक कार्य प्रणाली (संघ, प्रदेश र स्थानीय तह) को जानकारी

३.२.३. जिन्सी स्रेस्ता प्रणाली, राजस्व स्रेस्ता प्रणाली र धरौटी स्रेस्ता प्रणाली

३.२.४. राजस्व प्रशासन (कर, भंसार र अन्तःशुल्क) सम्बन्धी जानकारी

३.२.५. सरकारी बजेट सम्वन्धी जानकारी

३.३. प्रदेश निजामती सेवा ऐन, नियमावली तथा स्थानीय सेवा ऐन र नियमावली

३.३.१. गठन, पदपूर्ति गर्ने तरिका र प्रक्रियाहरु, सेवा सुविधा, आचरण, सजाय र वृत्ति विकास सम्बन्धी व्यवस्थाहरु

३.३.२. जनशक्ति योजना, विकास र व्यवस्थापन

३.४. सार्वजनिक सेवा प्रवाह

३.४.१. अर्थ, महत्त्व, सिद्धान्त र माध्यम

३.४.२. सार्वजनिक सेवा प्रवाह गर्ने निकाय, तरिका

३.४.३. सार्वजनिक सेवा प्रवाहका नवीनतम अवधारणा

३.४.४. सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायकको भूमिका र सेवाग्राहीको अधिकार तथा दायित्त्व

द्वितीय पत्र समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन विषयका एकाइहरूबाट सोधिने प्रश्नहरूको संख्या यथासम्भव निम्नानुसार हुनेछन्।

| खण्ड | खण्ड-क | खण्ड-ख | खण्ड-ग |
|---|---|---|---|
| एकाइ | १ | २ | ३ |
| छोटो प्रश्न संख्या | ५ | ५ | ४ |
| लामो प्रश्न संख्या | १ | १ | १ |
| जम्मा प्रश्न संख्या | १७ | | |

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवा र स्थानीय सेवाको, प्रशासन सेवा, सामान्य प्रशासन समूह, सहायकस्तर पाँचौं तहको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

तृतीयपत्रः सेवा समूह सम्बन्धी

(प्रशासन सेवा, सामान्य प्रशासन समूहको लागि)

(खण्ड-क)

१. कार्यालय सञ्चालन र संगठनात्मक व्यवहार ३५ अङ्क

१.१. दर्ता, चलानी, फाइलिङ्ग र पत्रव्यवहार
१.२. टिप्पणी, प्रस्ताव र प्रतिवेदन लेखन
१.३. जनसम्पर्क व्यवस्थापन
१.४. सेवाग्राही गुनासो व्यवस्थापन
१.५. वैठक व्यवस्थापन र निर्णय (माइन्यूट) लेखन
१.६. गोष्ठी, कार्यशाला र सेमिनार व्यवस्थापन
१.७. अभिलेख व्यवस्थापन
१.८. मासिक प्रगति/वार्षिक प्रगति व्यवस्थापन
१.९. जिन्सी स्रेस्ताको परिचय र महत्व
१.१०. माग फाराम, खरिद आदेश, दाखिला रिपोर्ट र जिन्सी खाता सम्बन्धी जानकारी
१.११. कार्य विवरण र अधिकार प्रत्यायोजन
१.१२. कार्यालय निरीक्षण र अनुगमन
१.१३. प्रशासकीय कार्य फछ्र्यौट सम्बन्धी व्यवस्था
१.१४. संगठनात्मक मान्यता (Norm) र मर्यादा (Status System)

(खण्ड-ख)

२. प्रशासन तथा व्यवस्थापन ३५ अङ्क

२.१. सार्वजनिक प्रशासनको परिचय, उद्देश्य र कार्यहरु
२.२. सार्वजनिक प्रशासन र विकास प्रशासन
२.३. प्रदेश निजामती सेवा र स्थानीय सेवाका कर्मचारीको नियुक्ति, काज, सरुवा, बढुवा, बिदा, आचारण, अवकाश र विभागीय सजाय
२.४. संगठनको परिचय, उद्देश्य, स्वरुप र संगठनका आधारहरु
२.५. देहायका निकायको परिचय तथा कार्यहरु
 २.५.१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग
 २.५.२. लोक सेवा आयोग
 २.५.३. महालेखा परिक्षकको कार्यालय
 २.५.४. संसद,संसदीय समिति र प्रदेश सभा
 २.५.५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
 २.५.६. प्रदेश लोक सेवा आयोग
 २.५.७. गाउँ/नगर सभा/कार्यपालिका र अन्तर्गतका समितिहरु
 २.५.८. स्थानीय तहको न्यायिक समिति सम्बन्धी व्यवस्था
२.६. व्यवस्थापनको परिचय, अवधारणा, उद्देश्य, क्षेत्र र कार्यहरु
२.७. नेतृत्व, निर्णय, उत्प्रेरणा र मनोवल

२.८. नियन्त्रण र समन्वयको आवश्यकता र महत्व

२.९. समूह गतिशिलता

२.१०. समय व्यवस्थापन, तनाव व्यवस्थापन, संकट व्यवस्थापन

(खण्ड-ग)

३. सार्वजनिक सेवा व्यवस्थापन सम्बन्धी कानुनी व्यवस्था ३० अङ्क

३.१. कर्णाली प्रदेश सरकारको कार्य विभाजन नियमावली

३.२. स्थानीय तहको कार्य विभाजन नियमावली (आधारभूत विषयहरु)

३.३. स्थानीय सरकार सञ्चालन सम्बन्धी कानूनी व्यवस्था

३.४. नागरिकताः किसिम र प्राप्ति प्रक्रिया

३.५. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र कर्णाली प्रदेश सुशासन ऐन, २०७६ सम्बन्धी जानकारी

३.६. सार्वजनिक खरिद र यस सम्बन्धी कानूनी व्यवस्था

३.७. सूचनाको हक तथा यस सम्बन्धी कानूनी व्यवस्था

३.८. कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन सम्बन्धी जानकारी

३.९. विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहको भूमिका

३.१०. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण अवधारणा र अभ्यास तथा यस सम्बन्धी कानूनी व्यवस्था

तृतीय पत्र सेवा समूह सम्बन्धी विषयका एकाइहरूबाट सोधिने प्रश्नहरूको संख्या यथासम्भव निम्नानुसार हुनेछन्।

| खण्ड | खण्ड-क | खण्ड-ख | खण्ड-ग |
|---|---|---|---|
| एकाइ | १ | २ | ३ |
| छोटो प्रश्न संख्या | ५ | ५ | ४ |
| लामो प्रश्न संख्या | १ | १ | १ |
| जम्मा प्रश्न संख्या | १७ | | |

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवा र स्थानीय सेवाको, प्रशासन सेवा, लेखा समूह, सहायकस्तर पाँचौं तहको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

तृतीयपत्रः सेवा समूह सम्बन्धी

(प्रशासन सेवा, लेखा समूहको लागि)

(खण्ड-क) ३० अङ्क

१. आर्थिक प्रशासन सम्बन्धी व्यवस्थापन
   - १.१. लेखाको सिद्धान्त, आधार र ढाँचा
   - १.२. बजेट तर्जुमा र स्वीकृति
   - १.३. बजेट निकासा, खर्च, लेखाङ्कन र प्रतिवेदन
   - १.४. LMBIS, PLMBIS, MTEF, खाता सूची (Charts of account), एकल खाता कोष (TSA) र सुत्र (SuTRA)
   - १.५. दोहोरो लेखा प्रणाली, नगदमा आधारित र प्रोदभावी लेखा प्रणाली
   - १.६. गोश्वारा भौचर र यसका नियमहरु, बैंक नगदी किताव, बजेट सिट, खर्चको फाँटवारी, पेश्की बाँकीको विवरण, बैंक हिसाव विवरण, आर्थिक विवरण एवं एकीकृत वित्तीय विवरण सम्बन्धी जानकारी
   - १.७. वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता
   - १.८. आर्थिक प्रशासन शाखा प्रमुखको काम, कर्तव्य र अधिकार एवं वित्तीय अनुशासनमा आर्थिक प्रशासन शाखा प्रमुखको भूमिका

(खण्ड-ख) ३० अङ्क

२. सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी जानकारी
   - २.१. सार्वजनिक खरिद व्यवस्थापनको उद्देश्य र सिद्धान्त
   - २.२. सार्वजनिक खरिद प्रक्रिया र विधिहरु
   - २.३. खरिद कार्यको जिम्मेवारी तथा खरिद व्यवस्थापनमा आचरण सम्बन्धी व्यवस्था
   - २.४. सार्वजनिक खरिद सम्बन्धी कानूनी व्यवस्थाः सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली

३. जिन्सी व्यवस्थापन
   - ३.१. सरकारी सम्पत्तिको जिम्मा, लागत र संरक्षण
   - ३.२. जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन
   - ३.३. बरबुझारथ व्यवस्था
   - ३.४. लिलाम, मिन्हा र मर्मत संभार
   - ३.५. वैदेशिक सहायतामा प्राप्त सामानको अभिलेख
   - ३.६. सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) सम्बन्धी सामान्य जानकारी

४. राजस्व र धरौटी श्रेस्ता सम्बन्धी जानकारी
   - ४.१. प्रदेश संचित कोष, स्थानीय संचित कोष र यसको संचालन
   - ४.२. राजस्व व्यवस्थापन प्रणाली (RMIS)
   - ४.३. धरौटी कारोबार सम्बन्धी सामान्य जानकारीः आम्दानी, फिर्ता र सदरस्याहा

(खण्ड-ग) ४० अङ्क

५. लेखापरीक्षण प्रणाली
   - ५.१. लेखापरीक्षणको परिचय, उद्देश्य एवं आधारभूत सिद्धान्त
   - ५.२. आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक लेखापरीक्षण

५.३. अन्तिम लेखापरीक्षण र महालेखा परीक्षकको काम, कर्तव्य र अधिकार

५.४. सूचना प्रविधि, वातावरणीय, विधि विज्ञान र जोखिममा आधारित लेखापरीक्षण र यसको कार्यान्वयन

५.५. सरकारी लेखापरीक्षण मान (Public Sector Auditing Standard) को सामान्य जानकारी

५.६. बेरुजु, बेरुजु फछ्र्यौट र सम्परीक्षण सम्बन्धी व्यवस्था

५.७. नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) सम्बन्धी सामान्य जानकारी

५.८. लेखापरीक्षण सम्बन्धी अन्तर्राष्ट्रिय संस्था ASOSAI र INTOSAI

६. लेखा तथा लेखापरीक्षण सम्बन्धी कानूनी व्यवस्था

६.१. नेपालको संविधान

६.१.१. संघीय आर्थिक कार्यप्रणाली, प्रादेशिक आर्थिक कार्य प्रणाली र स्थानीय आर्थिक कार्य प्रणाली

६.१.२. संघ, प्रदेश र स्थानीय तहको आर्थिक अधिकार

६.२. लेखापरीक्षण ऐन, २०७५

६.३. आन्तरिक लेखापरीक्षकको आचारसंहिता, २०७९

६.४. कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ र नियमावली, २०७५ सम्बन्धी जानकारी

६.५. अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था

६.६. कर्णाली प्रदेशको समपूरक र विशेष अनुदान सम्बन्धी कार्यविधि सम्बन्धी जानकारी

६.७. आय कर ऐन, २०५८ (परिच्छेद ३ को दफा ८ र परिच्छेद १७)

६.८. मूल्य अभिवृद्धि कर ऐन, २०५२ सम्बन्धी सामान्य जानकारी

६.९. स्थानीय सरकार सञ्चालन सम्बन्धी जानकारी

तृतीय पत्र सेवा समूह सम्बन्धी विषयका एकाइहरूबाट सोधिने प्रश्नहरूको संख्या यथासम्भव निम्नानुसार हुनेछन्।

| खण्ड | खण्ड-क | खण्ड-ख | खण्ड-ग |
|---|---|---|---|
| छोटो प्रश्न संख्या | ४ | ४ | ६ |
| लामो प्रश्न संख्या | १ | १ | १ |
| जम्मा प्रश्न संख्या | १७ | | |

३. कम्प्युटर सीप परीक्षण (Computer Skill Test)

विषयः कम्प्युटर सीप परीक्षण (Computer Skill Test)

| विषय | पूर्णाङ्क | विषयवस्तु शीर्षक | अङ्क | समय |
|---|---|---|---|---|
| कम्प्युटर सीप परीक्षण (Computer Skill Test) | १० | Nepali Typing | २ अङ्क | ५ मिनेट |
| | | English Typing | २ अङ्क | ५ मिनेट |
| | | Ms word | २ अङ्क | १० मिनेट |
| | | Electronic Spreadsheet | २ अङ्क | |
| | | Presentation System | १ अङ्क | |
| | | Windows basic, Email and Internet | १ अङ्क | |
| जम्मा | | | १० अङ्क | २० मिनेट |

Contents

1. Ms word (0.5×2=1 Marks and 1×1=1 Mark)
   a. Creating, saving and opening documents
   b. Typing in Nepali and English
   c. Text formatting (Font, Size, Color, Underline, Italic, Bold, etc.) and paragraph formatting (alignment, indentation, spacing)
   d. Inserting Header, Footer, Page Number, Table, Pictures, Shapes, Hyperlink, Bookmark, Text Box and Symbol
   e. Page Formatting
   f. Security Techniques of Document
   g. Mail merge
2. Electronic Spreadsheet (0.5×2=1 Marks and 1×1=1 Mark)
   a. Organization of Electronic Spreadsheet applications (Cells, Rows, Columns, Worksheet, Workbook and Workspace)
   b. Creating, Opening and Saving Work Book
   c. Editing, Copying, Moving, Deleting Cell Contents
   d. Formatting Cells (Font, Border, Pattern, Alignment, Number, Protection, Margins and text wrap)
   e. Formatting Rows, Column and Sheets
   f. Using Formula with Relative and Absolute Cell Reference
   g. Using Basic Functions (SUM, MAX, MIN, AVERAGE)
3. Presentation System (0.5×2=1 Marks)
   a. Introduction to presentation application
   b. Creating, Opening & Saving Slides
   c. Formatting Slides, Slide design, Inserting header & footer
   d. Slide Show, hyper link
   e. Animation
   f. Inserting Built-in picture, Picture, Table, Chart, Graphs, and Organization Chart etc.
4. Windows basic, Email and Internet (0.5×2=1 Marks)
   a. Introduction to Graphical User Interface
   b. Starting and shutting down Windows
   c. Basic Windows elements: Desktop, Taskbar, My Computer, Recycle Bin etc.
   d. Concept of file, folder, menu, toolbar
   e. Searching files and folders
   f. Internet browsing & searching content in the web

g. Creating Email ID, Using email and mail client tools

## अंग्रेजी र नेपाली Typing Skill Test को लागि निर्देशन

१. नेपाली typing skill test को लागि १५० शब्दको एउटा text दिइनेछ र देहाय अनुसार अङ्क प्रदान गरिनेछ।

| शुद्ध शब्द प्रतिमिनेट (Correct Words/Minute) | पाउने अङ्क |
|---|---|
| ४ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ० अङ्क |
| ४ वा सो भन्दा बढी र ७ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.२५ अङ्क |
| ७ वा सो भन्दा बढी र १० भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.५० अङ्क |
| १० वा सो भन्दा बढी र १३ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.७५ अङ्क |
| १३ वा सो भन्दा बढी र १६ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.०० अङ्क |
| १६ वा सो भन्दा बढी र १९ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.२५ अङ्क |
| १९ वा सो भन्दा बढी र २२ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.५० अङ्क |
| २२ वा सो भन्दा बढी र २५ भन्दा कम शुद्धशब्द प्रतिमिनेट वापत | १.७५ अङ्क |
| २५ वा सो भन्दा बढी शुद्ध शब्द प्रतिमिनेट वापत | २.०० अङ्क |

२. English typing skill test को लागि २०० शब्दको एउटा text दिइनेछ र देहायअनुसार अङ्क प्रदान गरिनेछ।

| शुद्ध शब्द प्रतिमिनेट (Correct Words/Minute) | पाउने अङ्क |
|---|---|
| ४ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ० अङ्क |
| ४ वा सो भन्दा बढी र ८ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.२५ अङ्क |
| ८ वा सो भन्दा बढी र १२ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.५० अङ्क |
| १२ वा सो भन्दा बढी र १६ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.७५ अङ्क |
| १६ वा सो भन्दा बढी र २० भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.०० अङ्क |
| २० वा सो भन्दा बढी र २४ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.२५ अङ्क |
| २४ वा सो भन्दा बढी र २८ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.५० अङ्क |
| २८ वा सो भन्दा बढी र ३२ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.७५ अङ्क |
| ३२ वा सो भन्दा बढी शुद्ध शब्द प्रतिमिनेट वापत | २.०० अङ्क |

३. नेपालीमा दिइएको text लाई अनिवार्य रुपमा युनिकोड (रोमानाइज्ड वा ट्रेडिसनल) मा टाइप गर्नुपर्नेछ।

४. अंग्रेजी र नेपाली typing मा दिइएको text लाई आधारमानी टाइप गरेको text सँग भिडाई परीक्षण गरिनेछ। दिइएको अंग्रेजी वा नेपाली text मा उल्लेखित स्थान बमोजिम परीक्षार्थीहरूले आफ्नो text मा punctuation टाइप नगरेको पाइएमा त्यसको शब्दमा गणना गरिनेछैन। तत्पश्चात, निम्न formula प्रयोग गरी शुद्ध शब्द प्रतिमिनेट (correct words/minute) निकालिनेछ।

Formula: शुद्ध शब्द प्रतिमिनेट (Correct words/minute) = $\frac{\text{(Total words typed} - \text{Wrong words)}}{5}$